नेपाल सरकार

अर्थमन्त्रालय

# राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सहयोग परिचालन निर्देशिका, २०७२

वैशाख १२, २०७२ मा नेपालमा गएको विनाशकारी भूकम्प तथा त्यसपछिका पराकम्पनहरुले पुऱ्याएको क्षतिबाट प्रभावित शिक्षा सेवा, स्वास्थ्य सेवा, आवास जस्ता क्षेत्रमा वर्षात् अगावै छोटो समयमा र ठूलो परिमाणमा तत्काले पुनर्स्थापना तथा पुनर्निर्माणको आवश्यकता रहेको छ । यो कार्यमा नेपाल सरकारलाई सहयोग गर्न इच्छुक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, परोपकारी संस्था, कम्पनी तथा व्यक्ति (यसपछि "सहयोगदाता" भनिने) लाई समन्वयात्मक एवम् व्यवस्थित रुपमा परिचालन गर्नुपर्ने भएकोले त्यस्ता सहयोगदातासँग गरिने सम्झौतामा अनिवार्य रुपमा समावेश गर्नुपर्ने कुराहरु खुलाई यो निर्देशिका तयार गरिएको छ । सहयोगदातालाई सकेसम्म प्रधानमन्त्री दैवीप्रकोप उद्धार तथा राहत कोषमा नगदै सहायता प्रदान गर्न प्रोत्साहित गरिनेछ । आफैं निर्माण गरी सरकारलाई हस्तान्तरण गर्ने (Turn Key) ढाँचामा सहयोग गर्न र वस्तुगत सहायता (Commodity Aid) प्रदान गर्न ईच्छुक सहयोग दातासँग गरिने यस्तो सम्झौतामा देहायका कुराहरु उल्लेख गरेको हुनुपर्नेछ :

१. सहयोगदाताले प्रचलित नेपाल कानून, विकास सहायता नीति, २०७१ लगायतका राष्ट्रिय नीति एवम् प्राथमिकताको पालना गर्नुपर्नेछ ।

२. सहयोगदाताले प्रकोप पछिको क्षतिको आंकलन तथा आवश्यकता पहिचान (Post Disaster Need Assessment- PDNA) को परिधिभित्र रही सम्वन्धित विषयगत मन्त्रालयले तय गरेको कार्यविधि, ढाँचा, नर्म्स, स्टाण्डर्ड, डिजाइन अनुरुप तोकिएका भौगोलिक क्षेत्र तथा स्थानमा दोहोरो नपर्ने गरी मानवीय सहायताका अन्तर्राष्ट्रिय सिद्धान्त समेतलाई ध्यानमा राखी सहायता परिचालन गर्नु पर्नेछ ।

३. सहयोगदाताले सहयोगका लागि आवश्यक पर्ने कोष आफ्नै श्रोत(Core Funding)बाट व्यवस्था गरेको हुनुपर्नेछ । स्थानीय स्तरमा रकम संकलन नगर्ने तथा सम्झौता पछि श्रोतको खोजि नगरिने कुरा अनुसूचि २ अनुसारको ढाँचामा स्वयम् घोषणा गरी सम्झौताको अभिन्न अंगको रुपमा संलग्न गर्नुपर्नेछ । यस विपरित रकम संकल नगरेको प्रमाणित भएमा सम्झौता उल्लंघन भएको मानी स्वतः खारेज हुनेछ।

४. सम्झौता गरेको एक हप्ताभित्र अनिवार्य रुपमा कार्य प्रारम्भ गरिसक्ने र सम्झौतामा तोकिएको परियोजनाको समयावधिभित्र अनिवार्य रुपमा कार्य सम्पन्न गरी नेपाल सरकारलाई हस्तान्तरण गरी सक्नु पर्नेछ।

५. सहायता परिचालन गर्दा भएको सम्पूर्ण खर्चको हिसाब किताब प्रचलित लेखाका सिद्धान्त अनुसार पारदर्शी रुपमा लेखाङ्कन गरिएको हुनुपर्ने र अनिवार्य रुपमा लेखा परीक्षण गराउनु पर्नेछ ।

६. सहायता परिचालन गर्दा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मुलुकको राष्ट्रिय अखण्डता, सार्वभौमिकता, धार्मिक, जातीय र सामाजिक सद्भावमा खलल पुऱ्याउने वा राष्ट्रिय सुरक्षा नीतिमा प्रतिकूल

असर पार्ने कुनै पनि कृयाकलाप सञ्चालन गर्न पाइने छैन । साथै प्रकोप व्यवस्थापनको सत्प्रयासमा नकारात्मक प्रभाव पार्ने गरी अनावश्यक टिका टिप्पणी गर्न, तस्वीर खिच्न र प्रचार प्रसार गर्न पाइने छैन ।

७. विद्यालय, अस्पताल, स्वास्थ्यचौकी, आवास एवम् स्थानीय निकायका पूर्वाधार लगायतका कुनै पनि भौतिक संरचना निर्माण गर्दा त्यसमा धार्मिक, सांस्कृतिक एवं साम्प्रदायिक संकेत तथा चिन्हहरु प्रयोग गर्न पाइने छैन । निश्चित समुदाय, धर्म, सम्प्रदाय वा क्षेत्रियताका आधारमा सहायता परिचालन गर्न पाइने छैन ।

८. तोकिएको प्रयोजन, स्थान वा समूहका लागि वाहेक अन्य प्रयोजनमा सहयोग उपयोग गर्न पाइने छैन ।

९. पारदर्शिता एवम् जवाफदेहिताका लागि यस्तो सहयोगको स्थान, प्रकार, दाता समेतको सूचना रेडियो, एफ.एम. लगायतका स्थानीय सञ्चार माध्यमवाट प्रचार प्रसार गर्नु पर्नेछ ।

१०. सहयोगदाताले सम्बद्ध सरकारी निकाय, सेवाग्राही समूह, स्थानीय निकाय, समुदाय तथा स्थानीय दैवीप्रकोप उद्धार समितिसँग यथोचित समन्वय गर्नु पर्नेछ ।

११. स्वदेशमा उपलव्ध हुन नसक्ने विशेषज्ञ जनशक्ति र सामाग्री वाहेक अन्य सवै जनशक्ति र सामाग्रीहरु यथासम्भव नेपालभित्र बाटै परिचालन गर्नुपर्ने र विदेशी विशेषज्ञ परिचालन गर्नुपर्दा सम्वन्धित मन्त्रालयको सिफारिस/स्वीकृतिमा मात्र गर्न सकिनेछ ।

१२. सहयोगदाताले गरेको प्रतिवद्धता र खर्च अनिवार्य रुपमा अर्थ मन्त्रालयमा रहेको सहायता व्यवस्थापन सूचना प्रणाली (Aid Management Platform - AMP) मा नियमित रुपमा प्रविष्ट गर्नु पर्नेछ ।

१३. नेपाल सरकारको सम्वन्धित निकायले यो कार्यको अनुगमन गर्नेछ । अनुगमन गर्ने निकाय सम्झौता पत्रमा उल्लेख गर्नु पर्नेछ । यस्तो अनुगमनमा सहयोग पुऱ्याउनु सहयोगदाताको कर्तव्य हुनेछ ।

१४. सहयोगदाताले आफ्नो व्यापारिक पहिचान झल्कने गरी विज्ञापन, प्रचार प्रसार आदि गर्न पाउने छैन ।

१५. यो निर्देशिका २०७२ साल मंसिर मसान्तसम्म वहाल रहनेछ ।

१६. उपर्युक्त कुराहरु समेत समावेश गरी अनुसूचि १ वमोजिमको ढाँचामा सम्वन्धित मन्त्रालयले सम्झौता गर्न सक्नेछ । त्यस्तो सम्झौताको जानकारी सम्झौताको प्रतिलिपि सहित अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखामा अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

# अनुसूचि १

*(राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सहयोग परिचालन निर्देशिका, २०७२ को दफा १७ सँग सम्बन्धित)*

**वैशाख १२, २०७२ को विनाशकारी भूकम्प पश्चातको पुनर्स्थापना एवं पुनर्निमाणमा नेपाल सकारलाई सहयोग गर्न इच्छुक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगदातासँग नेपाल सरकारले गर्ने सम्झौताको नमूना:**

| | |
|---|---|
| १. | परियोजनाको नाम (Name of the Project/Program) : |
| २. | सहायता प्रदान गर्ने व्यक्ति/ संस्थाको नाम र ठेगाना(Name and Address of Donor) : |
| ३. | परियोजनाको पृष्ठभूमि (Background) : |
| ४. | सम्वन्धित मन्त्रालयबाट अवधारणा स्वीकृत मिति(Concept Approval Date): |
| ५. | परियोजनाको उद्देश्य(Objectives) : |
| ६. | परियोजना कार्यान्वयन गर्ने स्थान(Project Location) : |
| ७. | परियोजनाको मुख्य क्रियाकलाप(Project Activities) : |
| ८. | परियोजनाबाट अपेक्षित प्रतिफल(Expected Outcome/Result) : |
| ९. | परियोजना अवधि(Project Period) : |
| १०. | परियोजना लागत(Project Cost) : |
| ११. | सहायताको श्रोत(Source of Funding): |
| १२. | खर्च गर्ने तरिका(Fund Flow Mechanism) : |
| १३. | सहायताको प्रकार (Types of Assistance) (नगद/जिन्सी/अन्य) |
| १४. | परियोजनासंग सम्बन्धित मन्त्रालय(Relevant Line Ministry) : |
| १५. | प्रतिवेदनगर्ने तरिका (प्रगतिविवरण) (Reporting Mechanism) : |
| १६. | परियोजना कार्यान्वयन सम्वन्धी विवरण (Project Implementation Details): (यस अन्तर्गत सम्झौताका पक्षहरुको दायित्व र निर्देशिकामा उल्लेख गरिएका कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने मुख्य कुराहरु उल्लेख गर्नुपर्ने छ |
| १७. | वहिर्गमन नीति(Exit Policy) : |

**हस्ताक्षर:**

नेपाल सरकारको तर्फबाट:

नाम, पद, ठेगाना, कार्यालय, छाप, मिति

दाताको तर्फबाट

नाम, पद, ठेगाना, कार्यालय, छाप, मिति

अनुसूचि:२

*(राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सहयोग परिचालन निर्देशिका, २०७२ को दफा ३ सँग सम्वन्धित)*

वैशाख १२, २०७२ को विनाशकारी भूकम्प पश्चातको पुनर्स्थापना एवं पुनर्निमाणमा सहयोग गर्न इच्छुक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगदाताले सहायताको श्रोत र उपलब्धताका विषयमा गरेको स्वयम् घोषणा:

वैशाख १२, २०७२ मा नेपालमा गएको विनाशकारी भूकम्प पश्चातको पुनर्स्थापना एवं पुनर्निमाणमा नेपाल सरकारलाई सहयोग गर्ने इच्छा भएकोले सहयोगसम्वन्धी सम्झौताको अभिन्न अंगको रुपमा समावेश हुने गरी सहयोगदाता ..........................................................को तर्फबाट देहायका कुराहरुको स्वयम् घोषणा गर्दछु ।

१. प्रस्तुत सहायताको लागि आवश्यक पर्ने रकम आफ्नै श्रोतबाट परिचालन गर्ने छु/छौं । स्थानीय स्तरबाट संकलन गरिने छैन ।

२. सहयोग रकम प्रचलित कानून बमोजिमको बैध श्रोतबाट प्राप्त भएको हो ।मुद्रा निर्मलीकरणसम्वन्धी कानून विपरित सहयोग परिचालन भएको छैन ।

३. सम्झौता अनुरुप कार्य सम्पादन गर्न श्रोत उपलब्ध छ । सम्झौता पछि यसका लागि श्रोतको छुट्टै खोजि गर्नुपर्ने छैन ।

४. उपर्युक्त घोषणा विपरित भए गरेको प्रमाणित भएमा प्रचलित कानून बमोजिम सजाय भोग्न तयार छु ।

सहयोगदाताको नाम, ठेगाना, ..........................................................................

घोषणा गर्ने सहयोग दाताको प्रतिनिधि: ...............................................................

सम्पर्क टेलिफोन/ मोवाइल न ...........................................................................

ईमेल...........................................................................................................

हस्ताक्षर:................................................

मितिः ....................................

सहयोगदाता संस्था भए छाप: